मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड

जहाँ गर्छ राष्ट्रले कारोबार

आइ.एस.ओ. ९००१:२०१५ बाट मान्यता प्राप्त एक्सचेन्ज

# DSILVER १ के.जी. र २० के.जी. का लागि पालना गर्नुपर्ने प्रक्रिया र नियम

## १) DSILVER १ के.जी. र २० के.जी. (भौतिक हस्तान्तरण)मा कारोबार गर्न

- DSILVER १ के. जी. – कुनै पनि व्यक्ति वा संस्थाले कारोबार गर्न सक्नेछन् ।
- DSILVER २० के. जी. – कुनै पनि संस्था वा प्यान कार्ड भएको व्यक्तिले कारोबार गर्न सक्नेछन् ।
- यी वस्तुहरुमा कारोबार गर्न ग्राहकले बैंक देखि अनुमोदन प्राप्त गर्न आवश्यक छ । यी वस्तुहरुमा करोबारको लागि ग्राहकहरुलाई स्वीकृत वा अस्वीकृत गर्ने बैंकको निर्णय अनुसार हुनेछ ।
- कुनै पनि ग्राहकले यसमा कारोबार गर्नलाई सेन्चुरी कमर्सियल बैंक लिमिटेडमा आफ्नो खाता खोलेको हुनैपर्नेछ ।

## २) सामान्य नियम

- भैतिक हस्तान्तरण अनिवार्य छ ।
- करार T + १५ दिनका लागि वैध रहनेछ ।(T अर्थात कारोबारको दिन हो र १५ दिनले त्यसपछिको लगातारको १५ दिन जनाउनेछ ।)
- इक्विटी हिट लेभल 'प्रयुक्त मार्जिनको ४% + आधा कमिसन' हुनेछ ।
- करार समाप्ति परिसमापन, सोमवार र बिहीबार दिउसोको ३ बजे र शुक्रबार दिउसोको १ बजे हुनेछ । शनिवार र आइतवार करार समाप्ति परेमा अघिल्लो दिनको (शुक्रबार) बजार बन्द पूर्व र बजार बिदामा पर्ने करार समाप्ति अघिल्लो दिनको बजार बन्दपूर्व हुनेछ ।
- ग्राहकले आंशिक भौतिक हस्तान्तरण लिन पाउने छैनन् । जस्तैः यदि कुनै ग्राहकले एकपटकमा दुई लटको स्थिति लिनुभएको छ भने उहाँले दुबैलाई एकैपटक राफसाफ गर्नुपर्नेछ । त्यसमध्ये एक लटको मात्र भौतिक हस्तान्तरण लिन पाइने छैन ।
- मेक्सको ग्राहकको कारोबारस्थल (ट्रेडिङ सफ्टवेयरमा):
  - ✓ खुला आदेशमा देखाइएको नाफा (Floating Profit) ले ग्राहकको इक्विटीमा कुनै प्रभाव पार्ने छैन ।
  - ✓ खुला आदेशमा देखाइएको नोक्सान (Floating Loss) ले ग्राहकको इक्विटीमा प्रभाव पार्नेछ ।
- T + १५ दिनपछिको भण्डारण शुल्क निम्न स्थितिमा लाग्नेछन् :

ग्राहकले पूरा रकम तिरिसकेपछि पनि चाँदीको भौतिक हस्तान्तरण नलिएको अवस्थामा, हस्तान्तरण नलिएसम्मको भण्डारण शुल्क बैंकले तोकेबमोजिम हुनेछ ।

## ३) हस्तान्तरण र राफसाफ प्रक्रिया

**विस्तृत प्रक्रिया :**

- ग्राहकले प्रारम्भिक मार्जिनका रुपमा 'कुल करार मूल्यको १५% + कमिसन' रकम जम्मा गरी कारोबार सुरु गर्न सक्नेछ ।
- ग्राहकले बाँकि ८५ % रकम पोजिसन लिएको १५ औं दिनको दिउँसोको १२ बजेभित्र बैंकमा रहेको आफ्नो खातामा जम्मा गरि चाँदी लिन सक्नेछ । पूरा रकम बुझाइसकेपछि ग्राहकको खुल्ला पोजिसनलाई बन्द गरिनेछ र ग्राहकले चाँदी लिन सक्नुहुनेछ ।
- ग्राहकले पूरा रकम चुक्ता गरिसकेपछि पनि चाँदीको हस्तान्तरण नलिएको खण्डमा, चाँदी नलिउन्जेलको दिनसम्मका लागि भण्डारण शुल्क लाग्नेछ ।
- माथि उल्लेखित सामान्य अवस्थामा, ग्राहकको आदेश उसको खरिद मूल्य (Open Price) मै परिसमापन गरिनेछ ।
- भौतिक हस्तान्तरणका लागि ग्राहकले मेक्सको ग्राहक कारोबारस्थलमा (ट्रेडिङ सफ्टवेयर) उपलब्ध गराइएको हस्तान्तरण रसिद (Delivery Receipt ) पेश गर्नुपर्नेछ । सो रसिद बुझाइसकेपछि बैंकले तोकेको दिन, समय र शाखाबाट चाँदी हस्तान्तरण गर्नेछ ।
- चाँदी लिँदा सोको साथमा सेन्चुरी कमर्सियल बैंकले प्रचलित कानुनका आधारमा कर-चालान कागजात र गुणस्तरको प्रमाणपत्र पनि प्रदान गर्नेछ ।

**वा**

**फ्लोचार्टमा वर्णन**

सेनचुरी बैंकमा खाता खोल्ने र मेक्सको ग्राहक बन्ने ।

↓

प्रारम्भिक मार्जिनका रुपमा कुल 'करार मूल्यको १५% + कमिसन' रकम क्लियरिङ्ग सदस्यको खातामा जम्मा गरी क्लियरिङ्ग सदस्यलाई सुचना दिने ।

↓

सो रकम ग्राहकको कारोबार स्थलमा अपडेट हुनेछ ।

↓

ग्राहकले कारोबार स्थलमा किन्ने आदेश दिने ।

↓

ग्राहकले बाँकि ८५% रकम क्लियरिङ्ग सदस्यको खातामा T + १५ दिनभित्र र इक्विटी हिट हुन अघि बुजाइसक्नु पर्नेछ ।

↓

ग्राहकले बाँकी रकम T + १५ दिनभित्र बुजाएमा

↓

मेक्सले ग्राहकको खुल्ला आदेश उसको खरिद मूल्य (Open Price) मै परिसमापन गर्नेछ ।

↓

अन्तत, ग्राहकले सेन्चुरी कमर्सियल बैंकद्वारा निर्धारित मिति, समय र हस्तान्तरण केन्द्रमा वस्तुको हस्तान्तरण लिन सक्नुहुनेछ ।

## ४) टाट पल्टिएको अवस्था

- ग्राहक टाट पल्टिनुका २ वटा अवस्था छन्:

पहिलो अवस्था : करार समाप्ति अघि T + १५ दिन भित्र, करार मूल्यको बाँकी रकम जम्मा नगरेको अवस्था

- ✓ यदि ग्राहक नोक्सानमा छ भने ग्राहकको कारोबार, करार समाप्ति परिसमापन समयको बजार मूल्यसंग परिसमापन गरिनेछ ।
- ✓ यदि नाफामा छ भने, ग्राहकको खुला कारोबार, खुला मूल्यसंग परिसमापन गरिनेछ ।

दोस्रो अवस्था: यदि करार वैधता समयभित्र ग्राहकको खातामा इक्विटी हिट (इक्विटी 'प्रयुक्त मार्जिनको ४% + आधा कमिसन' मा पुग्दा ) हुन्छ भने, ग्राहकको खुला अवस्था बजार मूल्यमा परिसमापन गरिनेछ ।

- माथिका २ अवस्थामा परिसमापन हुनुको नतिजा:
  - ✓ ग्राहकले किनेको वस्तुमा भौतिक हस्तान्तरणको लागि दाबी गर्न सक्नेछैन ।
  - ✓ ग्राहकले वास्तविक नोक्सान व्यहोर्नु पर्नेछ (यदि ग्राहकको कारोबार स्थलमा खुला कारोबार परिसमापनको समयमा नोक्सानमा छ भने )
  - ✓ ग्राहकले फरक मूल्यको नोक्सान व्यहोर्नु पर्नेछ ( जब ग्राहकको परिसमापन मूल्य र नयाँ खरीदारको मूल्यबीच फरक हुन्छ त्यसलाई फरक मूल्यको नोक्सान भनिन्छ) ।
  - ✓ ग्राहकलाई थप २% जरिवाना लाग्नेछ । यो २% जरिवाना, ग्राहकको वास्तविक नोक्सान र फरक मूल्य नोक्सान घटाएपछिको बाँकि रकममा लाग्नेछ ।
  - ✓ सबै माथी उल्लेखित रकम घटाएर मात्र बाँकी रकम ग्राहकले फिर्ता पाउनेछ ।

- ग्राहकको इक्विटी हिट अवस्थाबारे सेन्चुरी कमर्सियल बैंकले ग्राहकलाई सुचना दिन सक्दो प्रयास गर्नेछ, तापनि यो सेन्चुरी कमर्सियल बैंकको जिम्मेवारी होइन । यो बिषयमा ग्राहक स्वयम सचेत हुनुपर्दछ र इक्विटी हिटपूर्व परिसमापनबाट सुरक्षित हुन, आफ्नो खातामा पर्याप्त रकम जम्मा गर्नु पर्दछ ।

## ५) बैंकिङ्ग कारोबार नियम

- ग्राहकले क्लियरिङ्ग सदस्यको सेन्चुरी कमर्सियल बैंकमा रहेको सेग्रीगेट खातामा 'प्रारम्भिक मार्जिन + कमिसन' जम्मा गर्नुपर्ने हुन्छ ।
- ग्राहकले बाँकि ८५% रकमसेन्चुरी कमर्सियल बैंकको आफ्नो अपरेसनअल खातामा एक निश्चित समय भित्र जम्मा गरिसक्नु पर्ने हुन्छ ।

## ६) गणना सहितको उदाहरण

जस्तै ग्राहकले DSILVER २० के. जी. रु ६६० प्रति १० ग्राम किनेको छ भने,

| | | |
|---|---|---|
| करारको कुल मूल्य | = | रु.६६० * २००० |
| | = | रु.१३२०,००० |
| कारोबार सुल्क(कमिसन) | = | रु.८५० |
| प्रारम्भिक मार्जिन | = | १५% * १३२०,००० |
| | = | रु. १९८,००० |
| इक्विटी हिट लेभल | = | प्रयुक्त मार्जिनको ४% (१९८,०००) + आधा कमिसन (४२५) |
| | = | रु. ७९२० + ४२५ |
| | = | रु. ८३४५ |
| खरिद गर्न आबश्यक रकम | = | प्रारम्भिक मार्जिन + कमिसन |
| | = | रु १९८,८५० [१९८,०००+८५० ] |

करार वैधताभित्र यदि ग्राहकले बाँकी रकम (रु. ११,२२,०००) जम्मा गरेको छैन भने एक्सचेन्जले करार समाप्ति बेलाको बजार मूल्यमा खुला कारोबारको परिसमापन गर्नेछ र सेन्चुरी कमर्सियल बैंकले एक नयाँ खरीदार खोजी गर्नेछ ।

ग्राहकले मूल्य रु. ६६० प्रति १० ग्राममा किनेको थियो र वर्तमान बजार मूल्य रु.६४० प्रति १० ग्राम छ भने

ग्राहकको कारोबारस्थल (ट्रेडिङ सफ्टवेयर)मा हुने वास्तविक घाटा रु. (६६० -६४०)* २०००

= रु ४०,०००

यदि नयाँ क्रेता करारको लागि रु. ६३० प्रति १० ग्राम तिर्न तयार छन भने, फरक मूल्यको नोक्सान तिर्नु पर्ने दायित्व ग्राहकको हुनेछ।

फरक मूल्य नोक्सान = रु. (६४० - ६३०)* २०००

= रु. २००००

फेरि, बाँकी रकममा २% जरिवाना लाग्ने छ ,अर्थात्

जरिवाना = २% * [प्रारम्भिक मार्जिन -(वास्तविक घाटा + फरक मूल्य घाटा)]

= २% * [१९८००० - (४००००+२००००)]

= रु २७६०

तसर्थ, ग्राहकले करार वैधता भित्र बाँकी रकम जम्मा गरेको छैन र ग्राहकको खातामा इक्विटी हिट लेभल पुगेको छैन भने ग्राहकले फिर्ता पाउने रकम निम्नअनुसार रहने छ।

१९८०००-४००००-२००००-२७६० = रु. १३५,२४०

**महत्वपूर्ण बुदाँहरु :**

- यो उदाहरण DSILVER २० के. जी. को हो र DSILVER १ के. जी. को लागि पनि लागु हुन्छ।
- यो उदाहरण ग्राहक नोक्सानी अवस्थामा छ भने लागु हुन्छ र यहि हिसाब इक्विटी हिटमा पनि लागु हुनेछ ।
- ग्राहक नाफा अवस्थामा छ भने, ग्राहकको खुला कारोबार खुला मूल्यमै परिसमापन गरिनेछ र ग्राहकले फरक मूल्य नोक्सान (यदि छ भने) र २% जरिवाना वहन गर्नुपर्नेछ। ग्राहकले नाफा रकमका लागि दाबी गर्न पाउने छैन।

## ७) वैधानिक व्यवस्था

- ग्राहकले यस करारमा खरिद (BUY) अर्डर मात्र लिन पाउनेछन् । लिइसकेको अर्डर ग्राहकको कारोबारस्थलमा बन्द गर्ने अधिकार ग्राहकलाई नभई एक्सचेन्जलाई हुनेछ ।

- करारको वैधता कारोबार लिएको दिनपछि लगातारका दिनहरुमा हुने भएकोले बीचमा पर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय विदाहरुको गणना ग्राहक आफैले गर्नुपर्नेछ ।